

# अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि



अमूर्त सांस्कृतिक सम्पदा

UNESCO

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा



# अमूर्त सांस्कृतिक संरक्षणसम्बन्धी महासन्धि

पेरिस, १७ अक्टोबर, २००३

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन यसपछि युनेस्को भनिएको, २९ सेप्टेम्बर देखि १७ अक्टोबर २००३ सम्म पेरिसमा सम्पन्न ३२ औं साधारणसभाले...

# सम्पदा



फोटो © युनेस्को / एफ् ब्रुम्मान

...प्रचलित अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, खासगरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८, आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६, र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को **सन्दर्भमा**,

१९८९ को परम्परागत संस्कृति तथा लोकवार्ताहरूको संरक्षणसम्बन्धी युनेस्कोको सिफारिस, २००१ को सांस्कृतिक विविधतासम्बन्धी युनेस्को विश्वव्यापी घोषणा र संस्कृति मन्त्रीहरूको तेस्रो गोलमेच बैठकद्वारा पारित २००२ को इस्तानबुल घोषणामा आत्मसात् भएअनुरूप सांस्कृतिक विविधताको मूल प्रवाह तथा दिगो विकासको सुनिश्चितताको रूपमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वलाई **विचार गर्दै**,

अमूर्त सांस्कृतिक सम्पदा तथा मूर्त सांस्कृतिक र प्राकृतिक सम्पदाबीच रहेको गहिरो अन्तर्सम्बन्धलाई **विचार गर्दै**,

भूमण्डलीकरण तथा सामाजिक रूपान्तरणका प्रक्रियाहरू साथै यसले समुदायहरूबीचमा संवादको नवीकरणका लागि सिर्जना गर्ने अवस्थाहरूले, असंहिष्णुताको प्रक्रियाले जस्तै, अमूर्त सांस्कृतिक सम्पदाको क्षयीकरण, लोप र विनासमा, खासगरी त्यस्ता सम्पदाको सुरक्षणको लागि आर्थिक स्रोतहरूको अभावलाई निम्त्याएर, गम्भीर आँच पुऱ्याउनमा प्रोत्साहन दिने कुरालाई **स्वीकार गर्दै**,

मानवताको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा विश्वव्यापी चासो तथा साझा सरोकारका बारे **जागरूक रही**,

अमूर्त सांस्कृतिक सम्पदाको उत्पादन, सुरक्षा, जगेर्ना तथा पुनरूत्पादनमा त्यस्ता समुदायहरू, खासगरी आदिवासी समुदायहरू, समूहहरू एवं केही प्रश्नहरूमा, व्यक्तिहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्, यसरी सांस्कृतिक विविधता एवं मानव सिर्जनात्मकतालाई सम्वृद्ध गर्न सहयोग पुऱ्याइरहेका छन् भन्ने कुरालाई **स्वीकार गर्दै**,

सांस्कृतिक सम्पदाको संरक्षणको निमित्त अनुकरणीय संयन्त्रहरू स्थापनामा युनेस्कोको क्रियाकलापको दूरगामी प्रभाव, खासगरी १९७२ को विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको **स्मरण गर्दै**,

यस अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि अन्य कुनै बन्धनकारी बहुपक्षीय संयन्त्रहरू अस्तित्वमा नरहेको परिप्रेक्ष्य **स्मरण गर्दै**,

सांस्कृतिक तथा प्राकृतिक सम्पदासँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्झौताहरू, सिफारिसहरू तथा संकल्प प्रस्तावहरू सांस्कृतिक सम्पदासँग सम्बन्धित नयाँ प्रावधानहरूद्वारा प्रभाकारी ढंगले सम्वृद्ध एवं पूरा गर्नुपर्ने आवश्यकता **महसूस गर्दै**,

अमूर्त सांस्कृतिक सम्पदाको महत्व तथा यसको संरक्षणको, विशेषतः नयाँ पुस्ताहरूका बीचमा, व्यापक जनचेतना स्थापित गर्नुपर्ने आवश्यकतालाई **विचार गर्दै**,

अन्तर्राष्ट्रिय समुदायले यस महासन्धिको पक्षराज्यहरूसँग मिलेर त्यस्ता सम्पदाको संरक्षण गर्न सहयोगात्मक र आपसी मद्दतको भावनाले योगदान पुऱ्याउनु पर्दछ भन्ने कुरालाई **मनन् गर्दै**,

अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित युनेस्कोका कार्यक्रमहरू, खासगरी मानवताका मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्टतम् रचनाहरूको घोषणालाई **स्मरण गर्दै**,

मानवहरूलाई नजिक ल्याउन र तिनीहरूबीच आदान-प्रदान एवं समझदारी सुनिश्चित गर्नमा अमूर्त सांस्कृतिक सम्पदाको अमूल्य भूमिका एक कारक रहेको कुरालाई **विचार गर्दै**,

अक्टुबर १७ तारेख २००३ मा यो महासन्धि **अङ्गीकार गरिन्छ** ।

*मरक्कोको तान-तान संग्रहालय*

*जाफिमानिरी, मदागास्कको शिल्पकला ज्ञान*

फोटो © जे सेगुर / युनेस्को



फोटो फसांस्कृतिक संस्थान, निकारागुआ

एल् गेगेन्से, निकारागुआ

## एक. सामान्य व्यवस्थाहरू

### *धारा १ : महासन्धिका उद्देश्यहरू*

यो महासन्धिका उद्देश्यहरू निम्न छन् :

(क) अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्नु;

(ख) सम्बद्ध समुदाय, समूह तथा व्यक्तिहरूको अमूर्त सांस्कृतिक सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्नु;

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेतना जगाउनु, तथा तिनका एकआपसमा कदरको सुनिश्चितता गर्नु;

(घ) अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु ।

### *धारा २ : परिभाषाहरू*

यो महासन्धिको प्रयोजनका लागि,

१. "अमूर्त सांस्कृतिक सम्पदा" भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सीपहरू साथसाथै साधनहरू, वस्तुहरू, कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू समेतले सांस्कृतिक सम्पदाको अंगको रूपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ ।
यो अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू र समूहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तर्क्रियाको प्रत्युत्तरमा निरन्तर रूपमा पुनरूत्पादन हुन्छ, तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनात्मकताप्रतिको सम्मानलाई प्रवर्द्धन गरिरहेको हुन्छ ।
यो महासन्धिको प्रयोजनका लागि केवल त्यस्ता अमूर्त सांस्कृतिक सम्पदालाई मात्र ध्यान दिइनेछ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, साथसाथै समुदायहरू, समूहहरू तथा व्यक्तिहरू बीचमा आपसी सम्मान, तथा दिगो विकासको आवश्यकताहरूसँग मेल खान्छन् ।

२. माथि परिच्छेद् १ मा परिभाषित गरिएअनुसार, "अमूर्त सांस्कृतिक सम्पदा" लाई, अरूमध्ये निम्न विधाहरूअन्तर्गत समेट्न सकिन्छ :

(क) अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू;

(ख) अभिनय कलाहरू;

(ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू;

(घ) प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू;

(ङ) परम्परागत कलाकौशलता ।

३. "संरक्षण" भन्नाले अमूर्त सांस्कृतिक सम्पदाको जीवन्ततालाई सुनिश्चित गर्न लक्षित उपायहरू, खासगरी औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रवर्द्धन, अभिवृद्धिकरण, हस्तान्तरणलगायत त्यस्तो सम्पदाको विविध पक्षहरूको पुनर्जीवनीकरणलाई समेत सम्फनु पर्दछ ।

४. "पक्ष राज्यहरू" भन्नाले यस महासन्धिद्वारा अनुबन्धित राज्यहरू तथा जहाँ यो महासन्धि लागू भैसकेको छ, ती राज्यहरूलाई सम्फनु पर्दछ ।

५. यो महासन्धि धारा ३३ मा उल्लेख गरिएको त्यस्ता भू-भागहरूमा यथोचित लागू हुनेछ, जुन त्यस धारामा उल्लिखित शर्तबमोजिम यस महासन्धिको पक्ष बन्न पुगेका हुन्छन् । त्यस सीमासम्ममा "पक्ष राज्यहरू" भन्ने अभिव्यक्तिले त्यस्ता भू-भागहरू समेतलाई जनाउनेछ ।

उज्बेकिस्तानको बोयसुन जिल्लाको सांस्कृतिक स्थल



फोटो © युनेस्को

*धारा ३ : अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूसंगको अन्तर्सम्बन्ध*

यो महासन्धिमा कुनै पनि व्यवस्थालाई देहायबमोजिम व्याख्या गरिने छैन :

(क) विश्व सम्पदा निधिहरू, जोसँग अमूर्त सांस्कृतिक सम्पदाको कुनै विषय प्रत्यक्ष रूपमा जोडिएको छ, विश्व सांस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी १९७२ को महासन्धिअन्तर्गत तिनको हैसियत परिवर्तन गर्ने वा सुरक्षाको स्तरलाई घटाउने गरी; अथवा

(ख) बौद्धिक सम्पत्ति अधिकारहरू वा जैविक तथा परिवृत्तीय स्रोतहरूको प्रयोगसँग सम्बन्धित कुनै पनि अन्तर्राष्ट्रिय संयन्त्रहरू, जो त्यसका पक्ष छन्, त्यसबाट प्रस्फुटित पक्ष राज्यहरूको अधिकार तथा दायित्वहरूलाई असर गर्ने गरी

## दुई. महासन्धिका अङ्गहरू

*धारा ४ : पक्ष राज्यहरूको साधारणसभा*

१. पक्ष राज्यहरूको एउटा साधारणसभा यहाँ गठन गरिन्छ, यसपछि "साधारणसभा" भनी सम्बोधन गरिएको छ । साधारणसभा यो महासन्धिको सार्वभौम निकाय हुनेछ ।

२. प्रत्येक दुई बर्षमा साधारणसभाको महाअधिवेशन बस्नेछ । यदि यसले विशेष अधिवेशन बस्ने निर्णय गरेमा अथवा अमूर्त सांस्कृतिक सम्पदा संरक्षणको लागि अन्तर्सरकारी समिति वा कम्तीमा एक तिहाइ पक्ष राज्यहरूको अनुरोधमा यसको विशेष अधिवेशन बस्न सक्नेछ ।

३. साधारणसभाले आफ्नो कार्यविधिको नियमहरू आफै अङ्गीकार गर्नेछ ।

*धारा ५ : अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्नका लागि अन्तर्सरकारी समिति*

१. अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्नको लागि एक अन्तर्सरकारी समिति, यसपछि "समिति" भनिएको, युनेस्कोअन्तर्गत गठन गरिनेछ । धारा ३४ बमोजिम यो महासन्धि लागू भए लगत्तै, साधारणसभामा पक्ष राज्यहरूको बैठकद्वारा चयन गरिने अठार पक्ष राज्यहरूको प्रतिनिधिहरूद्वारा यो समिति बन्नेछ ।

२. महासन्धिका पक्ष राज्यहरूको संख्या ५० पुगेमा समितिका सदस्य राज्यहरूको संख्या २४ पुऱ्याइनेछ ।

*धारा ६ : समितिका सदस्य राज्यहरूको निर्वाचन तथा पदावधि*

१. समितिका सदस्य राज्यहरूको निर्वाचनले समान भौगोलिक प्रतिनिधित्व तथा पालै पालोको सिद्धान्तको पालना गर्नुपर्नेछ ।

२. साधारणसभाको बैठकमा महासन्धिका पक्ष राज्यहरूद्वारा समितिका सदस्य राज्यहरू चार बर्षको अवधिका लागि निर्वाचित हुनेछन् ।

३. जे भए पनि, पहिलो पटक निर्वाचित हुने आधा सदस्य राज्यहरूको पदावधि भने दुई बर्षको लागि सीमित रहनेछ । यी राज्यहरू पहिलो निर्वाचनमा गोलाप्रथाद्वारा छानिने छन् ।

४. प्रत्येक दुई बर्षमा, साधारणसभाले समितिका आधा सदस्य राज्यहरूको नवीकरण गर्नेछ ।

५. यसले खाली पदहरू पूर्ति गर्न चाहिने जति समितिका सदस्य राज्यहरू पनि चयन गर्नेछ ।

६. समितिको एउटा सदस्य राज्य लगातार दुई पदावधिको लागि निर्वाचित हुनसक्ने छैन ।

७. अमूर्त सांस्कृतिक सम्पदाको विभिन्न क्षेत्रमा योग्यता हासिल गरेका व्यक्तिहरूलाई समितिका सदस्य राज्यहरूले तिनीहरूको प्रतिनिधिको रूपमा चयन गर्नेछन् ।

*धारा ७ : समितिका कार्यहरू*

यस महासन्धिद्वारा प्रदत्त अन्य विशेषाधिकार उल्लंघन नहुने गरी, यस समितिका कार्यहरू निम्नबमोजिम हुनेछन् :

(क) महासन्धिका उद्देश्यहरूको प्रवर्द्धन गर्ने तथा त्यसको कार्यान्वयनलाई प्रोत्साहन तथा अनुगमन गर्ने;

(ख) सर्वोत्तम अभ्यासहरूमा मार्गदर्शन प्रदान गर्ने तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि उपायहरूको सिफारिस गर्ने;

(ग) धारा २५ अनुसार, कोषको स्रोतहरूको प्रयोजनका लागि एउटा मस्यौदा योजना तयार गर्ने तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्ने;

(घ) यसका स्रोतहरू अभिवृद्धि गर्ने साधनहरूको खोजी गर्ने, तथा धारा २५ अनुसार, यो साध्यका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने;

(ङ) यो महासन्धि कार्यान्वयनका लागि कार्यान्वयात्मक निर्देशिकाहरू बनाउने तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्ने;

(च) पक्ष राज्यहरूद्वारा पेश गरिएका प्रतिवेदनहरू, धारा २९ अनुसार, परीक्षण गर्ने, तथा साधारणसभाका संक्षेपीकरण गर्ने;

(छ) पक्ष राज्यहरूद्वारा पेश गरिएका अनुरोधहरू परीक्षण गर्ने तथा समितिद्वारा तयार गरिने र साधारणसभाद्वारा स्वीकृति प्रदान गरिने वस्तुगत छनौट आधार अनुसार, निम्न सन्दर्भमा निर्णय लिने :

(अ) धारा १६, १७ र १८ अन्तर्गत उल्लेख गरिएका सूचीहरूको सूचीकरण र प्रस्तावहरू अभिलेखीकरण गर्ने;

(आ) धारा २२ अनुसार अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्ने ।


फोटो © फिलिप बोर्डास / युनेस्को

गिनियाको सोसो-बालाको सांस्कृतिक स्थल



फोटो © संस्कृति मामिला सम्बन्धी आयोग / एओकेआइ सिन्जि



फोटो © फर्नान्दो ब्रुग्मान / युनेस्को



फोटो © युनेस्कोका निमित्त बंगलादेश राष्ट्रिय आयोग

*जापानको निन्जो जोहुरिस्थित बुन्राकु कठपुतली नात्यशाला*

*सिन्ज्याङ, चिनको उयघुर मुकम*

*बंगलादेशको बल गीत*

*कोस्तारिकाको गोरू गाडी परम्परा*

### *धारा ८ : समितिको कार्यसम्पादन तरिकाहरू*

१. समिति साधारणसभाप्रति जवाफदेही हुनेछ । यसले आफ्ना सबै क्रियाकलापहरू र निर्णयहरूको प्रतिवेदन साधारणसभा समक्ष बुझाउने छ ।

२. समितिले आफ्ना सदस्यहरूको दुई तिहाइ बहुमतद्वारा आफ्नो कार्यविधिको नियमहरू आफैं तय गर्नेछ ।

३. समितिले आवश्यक ठानेमा आफ्नो कार्यसम्पादन गर्न अस्थायी रूपमा, जुनसुकै परामर्श निकायहरू स्थापना गर्न सक्नेछ ।

४. विशेष कुराहरूको सल्लाह लिने क्रममा, समितिले यसको बैठकहरूमा कुनै सार्वजनिक वा निजी निकायहरू, साथसाथै अमूर्त सांस्कृतिक सम्पदाको विविध क्षेत्रमा मान्यता प्राप्त दक्ष निजी व्यक्तित्वहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

### *धारा ९ : सल्लाहकार संस्थाहरूको आधिकारिकता*

१. समितिको सल्लाहकारको हैसियतले कार्य गर्न समितिले अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा मान्यता प्राप्त योग्य गैरसरकारी संस्थाहरूको आधिकारिकताको साधारणसभा समक्ष प्रस्ताव गर्नेछ ।

२. त्यस्ता आधिकारिकता छनौटका आधार तथा प्रकृतिहरू पनि समितिले साधारणसभासमक्ष प्रस्ताव गर्नेछ ।

### *धारा १० : सचिवालय*

१. समितिले युनेस्को सचिवालयबाट सहायता प्राप्त गर्नेछ ।

२. सचिवालयले साधारणसभा तथा समितिको अभिलेख साथै तिनीहरूको बैठकहरूको कार्यसूची मस्यौदा तयार गर्नेछ, तथा तिनीहरूको निर्णयहरूको कार्यान्वयन सुनिश्चित गर्नेछ ।

## तीन. अमूर्त सांस्कृतिक सम्पदाको राष्ट्रियस्तरमा संरक्षण

### *धारा ११ : पक्ष राज्यहरूको भूमिका*

*प्रत्येक पक्ष राज्यले :*

(क) आफ्नो भू-भागमा रहेको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नेछ;

(ख) धारा २, परिच्छेद् ३ मा उल्लिखित संरक्षणका उपायहरू मध्ये, समुदायहरू, समूहहरू तथा सम्बद्ध गैरसरकारी संस्थाहरूको सहभागितामा, यसका भू-भागभित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाका विविध तत्वहरूको निर्क्योल तथा परिभाषित गर्नेछ ।

### *धारा १२ : कार्यसूचीहरू*

१. संरक्षण गर्ने ध्येयले परिचय सुनिश्चित गर्न, प्रत्येक पक्ष राज्यले, यसको भू-भागमा अवस्थित अमूर्त सांस्कृतिक सम्पदाका एक वा सोभन्दा बढी वस्तुहरू, यसको आफ्नो परिस्थिति सुहाउँदो किसिमले तयार गर्नेछ । यी सूचीहरू नियमित रूपमा अद्यावधिक गरिने छन् ।

२. प्रत्येक पक्ष राज्यले, धारा २९ अनुसार, आफ्नो प्रतिवेदन आवधिक रूपमा समितिमा पेश गर्दा, त्यस्ता सूचीहरूमा सम्वद्ध जानकारी उपलब्ध गराउनु पर्नेछ ।

### *धारा १३ : संरक्षणका अन्य उपायहरू*

आफ्नो भू-भागभित्र विद्यमान अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, विकास तथा प्रवर्द्धनको सुनिश्चित गर्न, हरेक पक्ष राज्यले निम्न प्रयत्नहरू गर्नेछन् :

(क) समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कार्यप्रवर्द्धन गर्ने तथा त्यस्ता सम्पदाको संरक्षणलाई योजनावद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले एउटा सामान्य नीति अङ्गीकार गर्ने;

(ख) आफ्नो भू-भागमा रहेका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि एक वा बढी सक्षम निकायहरू छनौट गर्ने वा स्थापना गर्ने;

(ग) अमूर्त सांस्कृतिक सम्पदा, खासगरी जोखिममा रहेका अमूर्त सांस्कृतिक सम्पदाको प्रभावकारी संरक्षणको दृष्टिकोणले, वैज्ञानिक, प्राविधिक तथा

कलात्मक अध्ययनहरूका साथसाथै अनुसन्धान पद्धतिहरू विकसित गर्ने;

(घ) निम्न लक्ष्य लिई उपयुक्त कानूनी, प्राविधिक, प्रशासकीय तथा वित्तीय उपायहरू अङ्गीकार गर्नेः

(अ) अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापनमा तालिमको लागि संस्थाहरूको सिर्जना अथवा सबलीकरणलाई प्रोत्साहित गर्ने र अभिनय तथा अभिव्यक्तिका लागि लक्षित सभास्थल तथा स्थानहरूको माध्यमबाट त्यस्ता सम्पदाको हस्तान्तरणलाई प्रोत्साहित गर्ने;

(आ) अमूर्त सांस्कृतिक सम्पदाको विशेष पक्षहरूतर्फको पहुँचलाई नियमन गर्ने परम्परागत प्रचलनहरूलाई आदर गर्दै त्यस्ता सम्पदातर्फको पहुँचलाई सुनिश्चित गर्ने;

(इ) अमूर्त सांस्कृतिक सम्पदाका लागि लिखत अभिलेखीकरण गर्ने संस्थाहरू स्थापना गर्ने तथा तिनीहरूसँगको पहुँचलाई सहजीकरण गर्ने ।

### *धारा १४ : शिक्षा, चेतना अभिवृद्धि तथा क्षमता निर्माण*

प्रत्येक पक्ष राज्यले सबै उपयुक्त उपायहरू अवलम्बन गरी निम्न प्रयासहरू गर्नेछ :

(क) खासगरी निम्न कार्यहरूद्वारा समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कदर, सो प्रतिको आदर तथा सोको सुदृढीकरणको सुनिश्चित गर्ने :

(अ) सामान्य जनता, खासगरी युवा वर्गमा लक्षित गरिएका शैक्षिक, चेतना अभिवृद्धि तथा जानकारीमूलक कार्यक्रमहरू;

(आ) सरोकारवाला समुदायहरू तथा समूहहरूबीच निश्चित शैक्षिक तथा तालिम कार्यक्रमहरू;

(इ) अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि क्षमता निर्माण क्रियाकलापहरू, खासगरी व्यवस्थापन तथा वैज्ञानिक अनुसन्धानमा; तथा

(ई) ज्ञान हस्तान्तरणको अनौपचारिक साधनहरू;

(ख) त्यस्ता सम्पदालाई चुनौती दिइरहेका चुनौतीपूर्ण खतराहरू, तथा यस महासन्धिको अनुशरणका लागि गरिएका क्रियाकलापहरू जनसमूहलाई सूचित गर्ने;

(ग) अमूर्त सांस्कृतिक सम्पदा अभिव्यक्त गर्न आवश्यक पर्ने प्राकृतिक स्थलहरू तथा स्मरणयोग्य स्थानहरूका बारेमा संरक्षणको लागि शिक्षा प्रवर्द्धन गर्ने ।

### *धारा १५ : समुदाय, समूह तथा व्यक्तिहरूको सहभागिता*

हरेक पक्ष राज्यले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले सोको परिधिभित्र रही यसलाई सिर्जना, जगेर्ना तथा हस्तान्तरण गर्ने समुदाय, समूह तथा उपयुक्तताका आधारमा व्यक्तिहरूको व्यापक सम्भाव्य सहभागिता सुनिश्चित गरी तिनीहरूलाई यसको व्यवस्थापनमा सक्रिय रूपमा संलग्न गराउने प्रयत्न गर्नेछ ।

## चार. अन्तर्राष्ट्रियस्तरमा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण

### *धारा १६ : मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूची*

१. अमूर्त सांस्कृतिक सम्पदाको बढी प्रभावकारी सादृश्यता तथा यसको महत्वप्रतिको चेतना सुनिश्चित गर्न तथा संवाद अगाडि बढाउन सांस्कृतिक विविधतालाई सम्मान गर्ने उद्देश्यले त्यसलाई प्रोत्साहन गर्न, समितिले सम्बन्धित पक्ष राज्यहरूको प्रस्तावमा, मानवताको अमूर्त सांस्कृतिक सम्पदाको एउटा प्रतिनिधिमूलक सूचीको स्थापना गर्ने, अध्यावधिक राख्ने तथा प्रकाशन गर्नेछ ।

२. समितिले यो प्रतिनिधिमूलक सूची स्थापना गर्न, अध्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्नेछ तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्नेछ ।

### *धारा १७ : तत्काल संरक्षण गर्न आवश्यक अमूर्त सांस्कृतिक सम्पदाको सूची*

१. उपयुक्त संरक्षण उपायहरू अवलम्बन गर्ने दृष्टिकोणले, समितिले तत्कालै संरक्षण गर्न आवश्यक भएका अमूर्त सांस्कृतिक सम्पदाको सूची स्थापना गर्ने, अध्यावधिक राख्ने तथा प्रकाशन गर्नेछ र सम्बन्धित पक्ष राज्यको अनुरोधमा त्यस्ता सम्पदालाई यस सूचीमा सूचीबद्ध गर्नेछ ।

२. समितिले यो प्रतिनिधिमूलक सूची स्थापना गर्न, अध्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्नेछ तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्नेछ ।

३. अत्यन्त जरूरी विषयहरूमा – जसका वस्तुगत आधारहरू समितिको प्रस्तावमा साधारणसभाद्वारा स्वीकृत भएको हुनेछ – समितिले सम्बन्धित पक्ष राज्यसँग सल्लाह गरी सम्बन्धित सम्पदाको एउटा विषयलाई अनुच्छेद् १ मा उल्लिखित सूचीमा सूचीबद्ध गर्न सक्नेछ ।



फोटो © युवा, संस्कृति तथा खेलकूद मन्त्रालय



फोटो © वान्दे आबिम्बोला

इफा दिभिनेसन सिस्टम, नाइजेरिया

कान्टो आ टेनोर, सार्दिनियाको गोठाले गीत, इटली

पेत्रा र वादि रूम, बेदिको सांस्कृतिक स्थल, जोर्डन

गुराराको एहलिल, अल्जरिया

बर्गाको पातुम, स्पेन

### *धारा १८ : अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि कार्यक्रमहरू, परियोजनाहरू तथा क्रियाकलापहरू*

१. पक्ष राज्यहरूद्वारा पेश गरिएका प्रस्तावहरूको आधारमा तथा समितिद्वारा परिभाषित गरिने र साधारणसभाद्वारा स्वीकृत हुने सिद्धान्तहरूअनुसार, समितिले विकासशील राष्ट्रहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै, त्यस्ता सम्पदा जसलाई समितिले यो महासन्धिको सिद्धान्तहरू तथा उद्देश्यहरूलाई सर्वोत्कृष्ठ प्रतिविम्वित गर्छ भन्ने ठान्दछ, त्यसका संरक्षणका लागि आवधिक रूपमा राष्ट्रिय, उपक्षेत्रीय र क्षेत्रीय कार्यक्रमहरू, परियोजनाहरू र क्रियाकलापहरूको चयन तथा प्रवर्द्धन गर्नेछ ।

२. यो साध्यका लागि, यसले त्यस्ता प्रस्तावहरूको तयारी गर्न पक्ष राज्यहरूबाट अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोधहरू लिने, परीक्षण तथा स्वीकार गर्नेछ ।

३. यसद्वारा निर्धारण हुने साधनहरू प्रयोग गरी सर्वोत्कृष्ठ अभ्यासहरूको व्यापक विस्तारद्वारा समितिले त्यस्ता परियोजनाहरू, कार्यक्रमहरू तथा क्रियाकलापहरूको कार्यान्वयनमा साथ दिनेछ ।

## पाँच. अन्तर्राष्ट्रिय सहयोग तथा सहायता

### *धारा १९ : सहयोग*

१. यो महासन्धिको प्रयोजनार्थ, अन्तर्राष्ट्रिय सहयोगभित्र, अरू विषयमध्ये, सूचना र अनुभवको आदान प्रदान, संयुक्त पहलहरू तथा पक्ष राज्यहरूलाई अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्न तिनीहरूको प्रयत्नहरूमा सहायताको संयन्त्र स्थापना पर्दछन् ।

२. तिनीहरूका राष्ट्रिय कानून र परम्परागत कानून तथा प्रचलनहरूका व्यवस्थाहरूमा पूर्वाग्रहविना, पक्ष राज्यहरूले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण मानवताको लागि सामान्य चासोको विषय हो भन्ने मान्यता राख्दछ र त्यस साध्यका लागि द्विपक्षीय, उपक्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरहरूमा सहयोग गर्न जिम्मा लिन्छन् ।

### *धारा २० : अन्तर्राष्ट्रिय सहायताका उद्देश्यहरू*

निम्न उद्देश्यहरूका लागि अन्तर्राष्ट्रिय सहायता प्रदान गर्न सकिनेछ :

(क) तत्काले संरक्षण गर्न आवश्यक अमूर्त सांस्कृतिक सम्पदाको सूचीमा सूचीकृत सम्पदाको संरक्षण गर्न;

(ख) धाराहरू ११ र १२ को आसयमा गर्नुपर्ने वस्तुसूचीहरू तयार पार्न;

(ग) अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा लक्षित गरिएका राष्ट्रिय, उपक्षेत्रीय तथा क्षेत्रीय स्तरहरूमा गरिएका कार्यक्रमहरू, परियोजनाहरू र क्रियाकलापहरूका लागि सघाउ पुऱ्याउन;

(घ) समितिले आवश्यक ठानेको अन्य कुनै अभिप्राय ।

### *धारा २१ : अन्तर्राष्ट्रिय सहायताका स्वरूपहरू*

समितिद्वारा पक्ष राज्यलाई प्रदान गरेको सहायता धारा ७ मा पूर्वानुमान गरिएको कार्यान्वयात्मक निर्देशिकाहरू र धारा २४ मा सम्प्रेषित सम्झौताद्वारा नियमन हुनेछ र निम्न

फोटो © मानेल इस्कोवेट इ गिरो / युनेस्को



फोटो © CNRPAH / युनेस्को



स्वरूपहरू लिन सक्नेछ :

(क) संरक्षणका विविध पक्षहरूसँग सम्बन्धित अध्ययनहरू;

(ख) विशेषज्ञहरू तथा अभ्यासकर्ताहरूको व्यवस्था;

(ग) सबै आवश्यक कर्मचारीको तालिम;

(घ) गुणस्तर निर्धारणको विस्तृतीकरण तथा अन्य उपायहरू;

(ङ) भौतिक पूर्वाधारहरूको निर्माण र सिर्जना;

(च) औजारहरूको आपूर्ति र तिनीहरूको जानकारी;

(छ) अन्य प्रकारका आर्थिक तथा प्राविधिक सहायताहरू, साथै उपयुक्त भएको ठाउँमा, न्यून-ब्याजी ऋणहरू तथा अनुदानहरू प्रदान ।

### *धारा २२ : अन्तर्राष्ट्रिय सहायता नियमनका शर्तहरू*

१. समितिले अन्तर्राष्ट्रिय सहायताको लागि गरिएका अनुरोधहरू परीक्षण गर्नको लागि कार्यविधि स्थापना गर्नेछ, र कुन चाहिँ जानकारीहरू ती अनुरोधहरूमा समावेश गराइने भन्ने कुराको किटान गर्ने, उदाहरणको लागि, परिकल्पना गरिएका उपायहरू तथा आवश्यक हस्तक्षेपहरू, साथसाथै तिनको लागतको मूल्याङ्कन ।

२. आपतकालहरूमा सहायताका लागि गरिएको अनुरोधहरू उच्च प्राथमिकताका साथ समितिद्वारा परीक्षण गरिनेछन् ।

३. निर्णयमा पुग्नका लागि समितिले त्यस्ता अध्ययनहरू र परामर्शहरू जुन यसले आवश्यक देख्दछ तिनलाई अपनाउनेछ ।

### *धारा २३ : अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोधहरू*

१. हरेक पक्ष राज्यले आफ्नो क्षेत्रभित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि अन्तर्राष्ट्रिय सहायताका लागि समितिमा अनुरोध पेश गर्न सक्नेछ ।

२. त्यस्तो अनुरोध दुई वा बढी पक्ष राज्यहरूले संयुक्त रूपमा पनि पेश गर्न सक्नेछन् ।

३. आवश्यक कागजपत्र सँगसँगै, धारा २२, अनुच्छेद् १ मा अनुवद्ध गरिएका जानकारी सो अनुरोधमा संलग्न हुनु पर्नेछ ।

### *धारा २४ : हितग्राही पक्ष राज्यहरूको भूमिका*

१. यस महासन्धिका व्यवस्थाहरूको सुनिश्चितताको लागि दिइएको अन्तर्राष्ट्रिय सहायता हितग्राही पक्ष राज्य र समितिको बीचमा भएको सम्झौताको माध्यमद्वारा नियमन हुनेछ ।

२. सामान्य नियमानुसार, हितग्राही पक्ष राज्यले, आफ्नो स्रोतहरूको सीमाभित्र संरक्षणका उपायहरू जसका लागि अन्तर्राष्ट्रिय सहायता दिइएको छ, त्यसको लागत व्यहोर्ने छ ।

३. हितग्राही पक्ष राज्यले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि प्रदान गरिएको सहायताको प्रयोगको बारेमा समितिसमक्ष एकप्रतिवेदन पेश गर्ने छ ।

फोटो © राष्ट्रिय आयोग, जोर्डन



फोटो © फ्रान्को स्टेफनो रूजु



## छ. अमूर्त सांस्कृतिक सम्पदा कोष

### *धारा २५ : कोषको प्रकृति तथा स्रोतहरू*

१. "अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि एउटा कोष", यसपछि "कोष" भनिएको, अब उप्रान्त स्थापित गरिन्छ ।

२. कोषमा युनेस्कोको आर्थिक नियमावलीअनुसार स्थापना गरिएका विशेष कोष (फण्डस-इन-ट्रष्ट) रहने छ ।

३. कोषको स्रोतहरू निम्न हुनेछ :

(क) पक्ष राज्यहरूद्वारा पुऱ्याइएका योगदानहरू;

(ख) युनेस्कोको महासम्मेलनद्वारा यस प्रयोजनका लागि विनियोजित कोषहरू;

(ग) योगदानहरू, उपहारहरू वा दान बकसहरू जुन निम्नद्वारा निर्माण भएको हुनसक्नेछ :

(अ) अन्य राज्यहरू;

(आ) संयुक्त राष्ट्रसंघ प्रणालीका संगठनहरू तथा कार्यक्रमहरू, विशेषतः संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम साथै अन्य अन्तर्राष्ट्रिय संगठनहरू;

(इ) सार्वजनिक वा निजी निकायहरू वा व्यक्तिहरू;

(घ) कोषको स्रोतहरू उपर बाँकी रहेको कुनै ब्याज;

(ङ) संकलनद्वारा उठाइएको तथा कोषको हितको लागि आयोजना गरिएका उत्सवहरूबाट प्राप्त कोषहरू;

(च) कोषको नियमावलीद्वारा अधिकार दिइएको कुनै अन्य स्रोतहरू भए समितिद्वारा लिइने छ ।

४. समितिद्वारा स्रोतहरूको प्रयोग साधारणसभाद्वारा बनाइएका मार्गनिर्देशनको आधारमा निर्णय गरिनेछ ।

५. समितिले निर्दिष्ट परियोजनाहरूसँग सम्बन्धित सामान्य वा विशेष उद्देश्यको लागि योगदानहरू र अन्य प्रकारका सहायताहरू, समितिद्वारा स्वीकृत परियोजनाहरूको लागि मात्र स्वीकार गर्न सक्नेछ ।



फोटो © रसियन स्टेट हाउस अफ पिपल क्रियेटिभ मिनिस्ट्रि अफ कल्चर

*◦ सांस्कृतिक स्थल र मौखिक संस्कृति, सेमिसिके, रसियन फेदरेशन*

*◦◦ गान्जुङ दानोजे चाड, कोरियन गणतन्त्र*

*◦◦◦ माकिसि मास्केरेड, जाम्बिया*

*◦◦◦◦ भाषा, नाच र गरिफुना संगित, बेलिज, ग्वाटेमाला, होण्डुरस र निकारागुआ*



फोटो © इन्स्टिच्युटो नेशनल दे कुल्चुरा /दन्ते मिलाफुर्टुरा

*◦ टेक्वीला तथा कपडा बुन्ने कला, पेरू*

६. यो महासन्धिका उद्देश्यहरूसँग असंगत हुने कुनै पनि राजनीतिक, आर्थिक अथवा अरू शर्तहरू कोषमा दिइएको योगदानसँग संलग्न हुन पाउने छैन ।

## *धारा २६ : कोषका लागि पक्ष राज्यहरूको योगदान*

(१) कुनै पूरक स्वेच्छिक योगदानमा पूर्वाग्रह नराखी, यो महासन्धिको पक्ष राज्यहरूले कोषमा तिर्नुपर्ने दायित्व वहन गर्नेछन्, कम्तीमा हरेक दुई वर्षमा, एउटा योगदान, जसको रकम, एकै प्रकारको प्रतिशतको रूपमा सबै राष्ट्रहरूमा लागू हुने गरी साधारणसभाद्वारा निश्चित गरिनेछ । साधारणसभाको यो निर्णय उपस्थित पक्ष राज्यहरूको बहुमत तथा मतदान जसले यो धाराको अनुच्छेद् २ मा सम्प्रेषण गरिएको घोषणा गरेका छैनन् त्योद्वारा लिइनेछ । कुनै पनि विषयमा पक्ष राज्यको योगदान यसद्वारा युनेस्कोको नियमित बजेटमा दिइने योगदानको एक प्रतिशतभन्दा बढी हुन पाउने छैन ।

२. जे भए पनि, यस महासन्धिको धारा ३२ वा धारा ३३ मा उल्लिखित हरेक राज्यले, यो धाराको अनुच्छेद् १ को व्यवस्थाद्वारा बन्धनकारी हुने छैन भनेर, महासन्धिको अनुमोदन, सकार, स्वीकृति वा सम्मिलित गराउने दस्तावेज पेश गर्ने बेलामा, घोषणा गर्न सक्नेछ ।

३. यो धाराको अनुच्छेद् २ मा उल्लिखित घोषणा गरेको यस महासन्धिको पक्ष राज्यले युनेस्कोको महानिर्देशकलाई सूचना दिई उल्लिखित घोषणा फिर्ता लिने प्रयत्न गर्न सक्नेछ । जे भए पनि, यो घोषणा फिर्ताले साधारणसभाको आगामी अधिवेशन शुरू नभएको मितिसम्म राज्यद्वारा वहन गर्न बाँकी योगदानको सम्बन्धमा असर पार्ने छैन ।

४. समितिको कार्यहरू प्रभावकारी ढंगले सुनियोजित गर्न सक्ने गरी योजनाकृत गर्न लगाउन समितिलाई सक्षम बनाउन, यो महासन्धिको पक्ष राज्यहरू जसले यो धाराको अनुच्छेद् २ मा उल्लिखित घोषणा गरेका छन्, तिनीहरूको योगदान नियमित आधारमा, कम्तीमा हरेक दुई वर्षमा, बुझाउनु पर्नेछ र त्यो यदि यस धाराको अनुच्छेद् १ का व्यवस्थाहरूद्वारा पक्ष राज्यहरू अनुबन्धित भई सकेको भए तिनीहरूले वहन गर्न बाँकी रहने योगदानसँग सन्निकट हुनु पर्नेछ ।

५. यस महासन्धिको कुनै पक्ष राज्य चालू वर्ष र त्यसको लगत्तै पूर्वको संवत्सरको लागि अनिवार्य वा स्वेच्छिक योगदान पुऱ्याउनु पर्ने बाँकी वक्यौताको दायरामा छ भने यो समितिको सदस्यको रूपमा योग्य हुने छैन; प्रथम निर्वाचनको लागि यो व्यवस्था लागू हुने छैन । यस समितिको सदस्य भैसकेका कुनै त्यस्तो राज्यको कार्यकाल यस महासन्धिको धारा ६ मा व्यवस्था गरिएको निर्वाचनको समयमा अन्त हुनेछ ।



फोटो © किम जोङ दल



फोटो © युनेस्कोका निमित्त जाम्बिया राष्ट्रिय आयोग



फोटो © नेश्नल गरिफुना काउनसिल लाङ्वेज, डान्स र म्युजिक अफ द गरिफुना

### *धारा २७ : कोषमा स्वेच्छिक पूरक योगदान*

धारा २६ अन्तर्गत अनुमानित योगदानहरूको अतिरिक्त थप स्वेच्छिक योगदानहरू पुऱ्याउन चाहने पक्ष राज्यहरूले, समितिको कार्यहरू तदनुरूप योजनावद्ध बनाउनको लागि, यथासम्भव छिटो समितिलाई सूचना गर्नेछन् ।

### *धारा २८ : अन्तर्राष्ट्रिय कोष अभिवृद्धि अभियान*

युनेस्कोको तत्वावधान अन्तर्गत कोषको हितको लागि आयोजना गरिएका अन्तर्राष्ट्रिय कोष अभिवृद्धि अभियानहरूमा, पक्ष राज्यहरूले, सम्भव भएसम्म, तिनीहरूको समर्थन दिनेछन् ।

## सात. प्रतिवेदनहरू

### *धारा २९ : पक्ष राज्यहरूका प्रतिवेदनहरू*

समितिद्वारा परिभाषित गरिएका विषय तथा आवधिकताको अवलोकन गरी महासन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका व्यवस्थापकीय, नियमन तथा अन्य उपायहरूको बारेमा पक्ष राज्यहरूले समितिसमक्ष प्रतिवेदनहरू पेश गर्नुपर्नेछ ।

### *धारा ३० : समितिका प्रतिवेदनहरू*

१. समितिको क्रियाकलापहरू तथा धारा २९ मा पक्ष राज्यद्वारा सम्प्रेषण गरिएका प्रतिवेदनहरूको आधारमा, समितिले एउटा प्रतिवेदन साधारणसभाको प्रत्येक अधिवेशनमा पेश गर्नेछ ।

२. यो प्रतिवेदन युनेस्कोको साधारण सम्मेलनको ध्यानाकर्षणमा ल्याइनेछ ।

## आठ. संक्रमणकालीन व्यवस्था

### *धारा ३१ : मानवताको मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्ठतम् रचनाहरू घोषणासँगको सम्बन्ध*

१. यो महासन्धि कार्यान्वयनमा प्रवेश हुनु अगावै समितिले मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूचीमा "मानवताको मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्ठतम् रचनाहरू" भनेर घोषणा गरिएका विषयहरूलाई समायोजन गर्नेछ ।

२. मानवताको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूचीअन्तर्गत त्यस्ता विषयवस्तुहरूको समायोजनले धारा १६ अनुच्छेद् २ अनुसार निर्णय गरिने भावी सूचीकरणको आधारहरूलाई कुनै तरिकाले पूर्वाग्रही गर्न पाउने छैन ।

३. यो महासन्धि कार्यान्वयनमा प्रवेश गरे पश्चात् कुनै थप घोषणाहरू गरिने छैन ।

## नौ. अन्तिम व्यवस्थाहरू

### *धारा ३२ : अनुमोदन, सकार वा स्वीकृति*

१. यो महासन्धि युनेस्कोका सदस्य राज्यहरूको आफ्नो संवैधानिक कार्यविधिअनुसार अनुमोदन, सकार वा स्वीकृतिको विषय हुनेछ ।

२. अनुमोदन, सकार वा स्वकृतिका लिखतहरू युनेस्कोको महानिर्देशकसँग निक्षेपित गरिनेछ ।

### *धारा ३३ : सम्मिलित*

१. युनेस्कोको साधारण सम्मेलनद्वारा आमन्त्रण गरिएका युनेस्कोका सदस्य नभएका सबै राज्यहरूलाई यो महासन्धिमा सम्मिलित हुन, प्रवेश खुल्ला रहनेछ ।

२. यो महासन्धि ती क्षेत्रहरूको लागि पनि प्रवेशका लागि खुल्ला हुनेछ जसले संयुक्त राष्ट्रसंघद्वारा मान्यता प्राप्त पूर्ण आन्तरिक स्व-सरकार उपभोग गरेका छन् तर साधारणसभाको प्रस्ताव १५१४ (१५) अनुसार पूर्ण स्वाधीनता प्राप्त गरेका छैनन् र जोसँग यो महासन्धिद्वारा नियमन हुने विषय उपर सक्षमता छ, साथसाथै त्यस्ता विषयहरूको सन्दर्भमा सन्धिहरूमा प्रवेश गर्ने सक्षमता समेत छ ।

३. प्रवेशका लिखतहरू युनेस्कोको महानिर्देशकसँग निक्षेपित हुनेछन् ।

### *धारा ३४ : कार्यान्वयन*

यो महासन्धि अनुमोदन, सकार, स्वीकृति वा प्रवेशको तीसौं लिखतहरूको निक्षेप भएको मितिको तीन महिना पश्चात् कार्यान्वयनमा प्रवेश गर्नेछ, तर केवल ती राज्यहरूको सन्दर्भमा मात्र हुनेछ जसले तिनीहरूका तदनुसारका अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लिखतहरू निक्षेप त्यस मितिमा वा सोभन्दा अगाडिको मितिमा गरेका छन् । अन्य कुनै पक्ष राज्यहरूको सन्दर्भमा यसका अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लिखत निक्षेप भएको तीन महिनापछि यो महासन्धि कार्यान्वयनमा प्रवेश गर्नेछ ।

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा
अमूर्त सांस्कृतिक सम्पदाका
लागि युनेस्को संरक्षित
अन्तर्राष्ट्रिय सूचना तथा
संजाल केन्द्र







अमूर्त
सांस्कृतिक
सम्पदा

## धारा ३५ : संघीय वा गैरएकात्मक संवैधानिक प्रणालीहरू

संघीय वा गैरएकात्मक संवैधानिक प्रणाली भएका पक्ष राज्यहरू उपर निम्न व्यवस्थाहरू लागू हुनेछ :

(क) यो महासन्धिको व्यवस्थाहरूको सन्दर्भमा, जसको कार्यान्वयन संघीय वा केन्द्रीय विधायिकी शक्तिको कानूनी क्षेत्राधिकार भित्र आउँदछ, संघीय वा केन्द्रीय सरकार को दायित्वहरू ती पक्ष राज्यहरूको जस्तै हुनेछ जो संघीय राज्य होइनन्;

(ख) यो महासन्धिको व्यवस्थाहरूको सन्दर्भमा, जसको कार्यान्वयन एक स्वायत्त राज्य, देश, प्रान्त वा क्यन्टनहरूको क्षेत्राधिकार भित्र आउँदछ, जो महासंघको संवैधानिक प्रणालीद्वारा विधायिकी उपायहरू अवलम्बन गर्न बाध्य छैनन्, संघीय सरकारले त्यस्ता राज्यहरू, देशहरू, प्रान्तहरू वा क्यन्टनहरूका सक्षम निकायहरूलाई उल्लिखित व्यवस्थाहरू, यसको सिफारिसका साथ अङ्गीकार गर्नका लागि सूचना गर्नेछ ।

## धारा ३६ : परित्याग

१. हरेक पक्ष राज्यले यो महासन्धिलाई परित्याग गर्न सक्नेछ ।

२. युनेस्कोको महानिर्देशकसमक्ष लिखित साधनहरू पेश गरी परित्यागको सूचना गरिनेछ ।

३. परित्याग पत्र प्राप्त भएको बाह्र महिनापछि परित्याग लागू हुनेछ । जुन मितिसम्म परित्याग प्रभावकारी हुँदैन तबसम्म परित्याग गर्ने पक्ष राज्यको आर्थिक अभिभारामा यसले कुनै किसिमको असर पार्ने छैन ।

## धारा ३७ : निक्षेपण कार्यहरू

युनेस्कोको महानिर्देशकले, यो महासन्धि निक्षेपकको रूपमा, संघका सदस्य राज्यहरू, धारा ३३ मा सम्प्रेषण गरिएका संघका सदस्य नभएका राज्यहरू, साथसाथै संयुक्त राष्ट्रसंघलाई, धारा ३२ र ३३ मा उपलब्ध गरिएको अनुमोदन, स्वीकृति, सकार वा प्रवेशका सबै संयन्त्रहरूको निक्षेप तथा धारा ३६ मा उपलब्ध गरिएको परित्यागको सूचना गर्नेछ ।

## धारा ३८ : संशोधनहरू

१. पक्ष राज्यले, महानिर्देशकलाई लिखित संचारद्वारा सम्बोधन गरी यो महासन्धिमा संशोधनहरू प्रस्ताव गर्न सक्नेछ । महानिर्देशकले त्यस्तो सञ्चार सबै पक्ष राज्यहरूलाई परिपत्र गर्नेछ । यदि, परिपत्र भएको मितिबाट छ महिनाभित्र कम्तीमा आधा पक्ष राज्यहरूले अनुरोधको पक्षमा जवाफ दिएमा, महानिर्देशकले त्यस्तो प्रस्ताव साधारणसभाको अर्को अधिवेशनमा छलफल वा सम्भावित अङ्गीकारका लागि प्रस्तुत गर्नेछ ।

२. संशोधनहरू पक्ष राज्यहरूको दुई तिहाइ बहुमतको उपस्थिति र मतदानद्वारा अङ्गीकार हुनेछ ।

३. एक पटक अङ्गीकार गरेपछि यो महासन्धिका संशोधनहरू अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लागि पक्ष राज्यहरूलाई बुझाइनेछ ।

४. पक्ष राज्यहरूको दुई तिहाइद्वारा यो धाराको अनुच्छेद् ३ मा उल्लेख गरिएका संयन्त्रहरू निक्षेप भएको तीन महिना पश्चात्, जुन पक्ष राज्यहरूले संशोधनलाई अनुमोदन, सकार, स्वीकृति वा प्रवेश प्रदान गरेका छन्, केवल तिनको सन्दर्भमा मात्र त्यस्ता संशोधनहरू लागू हुनेछन् । तत्पश्चात् हरेक पक्ष राज्यका लागि जसले संशोधनको अनुमोदन, सकार, स्वीकृति वा प्रवेश प्रदान गर्दछ, उल्लिखित संशोधन पक्ष राज्यद्वारा सो को अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका संयन्त्रहरू निक्षेप भएको मितिले तीन महिना पश्चात् लागू हुनेछ ।

५. अनुच्छेद् ३ र ४ हरूमा निर्धारण गरिएको प्रक्रिया धारा ५ सँग सम्बन्धित समितिका सदस्य राज्यहरूको संख्यासम्बन्धी संशोधनहरूमा लागू हुने छैन । यी संशोधनहरू अङ्गीकार भएको समयबाटै लागू हुने छन् ।

६. राज्य जो यो धाराको अनुच्छेद् ४ बमोजिम संशोधनहरू लागू भएपश्चात् यो महासन्धिको पक्ष हुन्छ, फरक अभिप्राय अभिव्यक्त नगरेमा, निम्न बुझिनेछ :

(क) संशोधन भएअनुरूप यो महासन्धिका एउटा पक्षको रूपमा; तथा

(ख) संशोधनहरूद्वारा बन्धनकारी नभएका कुनै राज्यको सम्बन्धमा असंशोधित महासन्धिका एउटा पक्षको रूपमा ।

## धारा ३९ : आधिकारिक पाठहरू

यो महासन्धि अरेबिक, चीनियाँ, अंग्रेजी, फ्रान्सेली, रूसी तथा स्पेनिस गरी छ पाठहरूमा बराबरी आधिकारिक हुने गरी लेखिएको छ ।

## धारा ४० : दर्ता

यो महासन्धि संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १०३ बमोजिम युनेस्कोको महानिर्देशकको अनुरोधमा संयुक्त राष्ट्रसंघको सचिवालयमा दर्ता हुनेछ ।

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

मालीको इरेली गाउँमा मुकुण्डो र खुट्टेलट्ठीकासाथ चारजना दोगोन नृत्यकारहरू फोटो ©IStockphoto